बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बटेश्वर, धनुषा
मधेश प्रदेश, नेपाल

प.स. २०७९।०८०
च.न. ५१८

मिति : २०७९।०९।०६

विषयः **मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना ।**

मेलमिलाप सम्वन्धि नियमावली २०७० को नियम ९, र वटेश्वर गाउपालिकाको न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ को दफा ६० वमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निवेदन माग गर्नुका साथै यस न्यायिक समिति अन्तर्गतका सवै मेलमिलाप केन्द्रहरुमा आफ्ना नाम सूचिकृत रहेका मेलमिलापकर्ताको सूचि अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस न्यायिक समितिको कार्यालयमा मेलमिलापकर्ताको रुपमा सूचीकृत भएका मेलमिलापकर्ताहरु र तालिम प्राप्त भई सूचीकृत हुन चाहने मेलमिलापकर्ताहरुले यो सूचना प्रमाशित भएको मितिले १५ दिन भित्र आ.व. २०७९।०८० को लागि मेलमिलापकर्ताहरुको सूचि अद्यावधिक गर्न आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु:**

१. मेलमिलाप परिषद्वाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्र भएमा सोको प्रतिलिपी ।
२. नेपाली नागरिकताको प्रतिलिपी ।
३. शैक्षिक योग्यताको आधारमा छनौट गरिने हुँदा माथिल्लो तहका शैक्षिक योग्यताको प्रतिलिपी ।
४. मेलमिलाप सम्वन्धी ४८ घण्टे तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी ।
५. संस्थाको हकमा संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रका प्रतिलिपी ।
६. मेलमिलाप सम्वन्धी अनुभव र व्यक्तिगत विवरण ।
७. मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो २ प्रति

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा, सिंहदरवार, काठमाण्डौ ।
श्री नगर प्रमुखज्यू : मापदण्ड १ प्रति संलग्न राखी अनुरोध छ।
श्री नगर उपप्रमुखज्यू : मादपण्ड १ प्रति संलग्न राखी अनुरोध छ।
श्री सवै शाखा, उपशाखाहरु : सो अनुसार गर्नुगराउनु हुन ।
श्री सूचना प्रविधि शाखा : सम्वन्धितलाई राजपत्र समेत संलग्न राखी, इमेल गरी वेवसाइटमा राख्नु हुन।

सम्पर्क: गापा अध्यक्ष ९८५४०२३०५१, गापा उपाध्यक्ष 9854029943 प्रमुख प्रशासकीय अधिकृत ९८५४०५०१०१
email: bateshwormun@gmail.com, web: www.bateshwormun.gov.np

CS CamScanner

अनुसूची-११

(दफा ६० को उपदफा (३) सँग सम्बन्धित)

## मेलमिलापकर्तामा सूचीकृत हुने निवेदन ढाँचा

न्यायिक समिति

बटेश्वर गाउँपालिका समक्ष पेश गरेको निवेदन

फोटो

विषयः मेलमिलापकर्तामा सूचीकृत हुन पाउँ ।

प्रस्तुत विषयमा तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपी साथै राखी ............ गाउँपालिका/नगरपालिकाको न्यायिक समिति अन्तर्गतका ............ मेलमिलाप केन्द्रमा सूचीकृत भई मेलमिलाप गराउन अनुमती पाउँ भनी निवेदन गर्दछु ।

तपसिल

१। नागरिकता प्रमाणपत्रको छाँयाकपी .

२। स्नातक तहसम्म उतिर्ण गरेको शैक्षिक प्रमाणपत्रको छाँयाकपी,

३। मेलमिलापकर्ताको तालिम प्राप्त गरेको प्रमाणपत्रको छायाँकपी,

४। मेलमिलाप सम्बन्धी अनुभव र

५। व्यक्तिगत विवरण (Bio- data)

निवेदक

नाम थरः ..........

दस्तखतः ..........

मितिः .............

CS CamScanner